# प्रथम नगर आईडल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति २०७७।०८।३०

**प्रस्तावना**

छायाानाथ रारा नगरपालिका भित्र रहेका प्रतिभावान ब्यत्तिको खोजीगरी, कला संस्कृतिको संरक्षणमा जोड दिन नगर आईडलको सुरुवात गरी समुदाय स्तरमा सचेतना फैलाई नगर समृद्धिको बाटोमा डोराउनुका साथै स्थानिय स्तरको कला सस्कृतिलाई संरक्षणमा जोड दिई स्थानीय कला,भेषभुषाको संरक्षण आवश्यकता रहेको छ । पश्चिमा देशको देखासिकी गर्दै पुराना सस्कृति लोप हुदै जाना लागेको परिवेशमा नगर आईडल मार्फत नागरीकमा सचेतना जोगाई समुदायको स्तरमा पुराना सस्कृतिको संरक्षणमा जोड दिन यस कार्यक्रमले बिशेष महत्वपुर्ण भुमिका खेल्ने छ । मुगु जिल्लाको  कला सास्कृतिक पर्यटन लगायत पुरानो र वर्तमान अवस्था र आगामी दिनका बारेमा र अन्य पछिल्लो पिडिलाई पुराना कला सस्कृतिको बारेमा जानकारी दिन सके हाम्रो कला सस्कृति बचाउन सकिने भएकाले यस छायाानाथ रारा नगरपालिकाको सहयोगमा नगर आईडल सञ्चालन हुने र यो नगर आईडल नगरपालिका मात्र नभएर जिल्लाको कला संरक्षणमानै इटा थप्ने हिसावमा यस कार्यक्रमलाई लिईएको छ । यस कार्यक्रमको आर्थिक ब्याबस्थापन र कार्यलाई नियमित, व्यवस्थित तथा पारदर्शि बनाउन  वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ परिच्छेद १५ दफा १०२ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१ यस कार्यविधिको नाम **प्रथम नगर आईडल** (संचालन तथा व्यवस्थापन )कार्यविधि, २०७७ रहेको छ ।

२ यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “कार्यविधि” भन्नाले **प्रथम नगर आईडल** (संचालन तथा व्यवस्थापन )कार्यविधि, २०७७ भन्ने बुझ्नु पर्दछ ।

ख) “कार्यक्रम” भन्नाले **प्रथम नगर आईडल कार्यक्रम**लाई बुझ्नु पर्दछ ।

ग) “नगरपालिका” भन्नाले छाँयानाथ रारा नगरपालिका सम्झनु पर्दछ ।“नगर कार्यपालिका” भन्नाले छाँयानाथ रारा नगरकार्यपालिका सम्झनु पर्दछ ।

घ) “नगर प्रमुख” भन्नाले छाँयानाथ रारा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

) “उपप्रमुख” भन्नाले छाँयानाथ रारा नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले छाँयानाथ रारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ज) “उत्पादन” भनाले यस कार्यविधि बमोजिम कार्यक्रम निमार्णगरी कार्यक्रम निमार्ण गरिने र “प्रशारण” भन्नाले यस कार्यविधि बमोजिम उत्पादन भएका साम्रागी रेडियोको माध्यमबाट प्रशारण गरिने सम्झनु पर्छ ।

झ) “आार्थिक व्याबस्थापन” भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने आर्थिक व्याबस्थापन सम्झनु पर्दछ ।

ञ) “सभा” भन्नाले रारा छाँयानाथ नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यक्रमको अवधारण, लक्ष्य, उद्देश्य र नीति

**३. अवधारणा :**

यो कार्यक्रम विषेश गरी छायाानाथ रारा नगरपालिकाद्धारा सञ्चालित बिभिन्न कला सस्कृतिका कामहरुको बारेमा जानकारी दिने र बिभिन्न समाजमा रहेको कला सस्कृतिको खोजि गदै प्रतिभावान ब्यक्तिको खोजि गरी समाज रुपान्तरण संगै पुरानो कला सस्कृतिलाई बचाई राख्न महत्वपुर्ण भुमिका खेली कलाको माध्यमबाट आय आर्जन

गर्न उत्प्रेरीत गराई ऊनीहरुको जीवन स्तर उच्च बनाउन आय आर्जन संगै नगर समृद्धिको अभियान लाई प्रभावकारी ढंगले सुचारु गर्नको लागी र सञ्चालीत कार्यक्रम प्रभावकारी बनाई जनजीवन सुरक्षा गर्नु नै यस कार्यविधिको अवधारण रहेको छ ।

४. लक्ष्य :

कला सस्कृतिको संरक्षण गर्न तथा कला क्षेत्र भित्रका नागरिकको अधिकार, जीवनयापन, अत्यावश्यक कला ,सस्कृतिका बारेमा जानकारी तथा सम्वन्धित सरोकारवाला समक्ष पुऱ्याई आम नागरिकमा सुनिश्चित गर्ने र पुरानो सस्कृति रितिरिवाजका बारेमा आम नागरिकलाई क्रियाशिलताका लागि जागरण पैदा गराउने लक्ष्य छ ।

५. उद्देश्य :

१ नगर समृद्धि अभियान अन्तरगत पुराना सांस्कृति संरक्षणका बारेमा नागरिकस्तरमा जानकारी दिनुका साथै समृद्धिको अभियानमा जुट्न सहज वाताबरण सृजना गरिने ।

२ नगरक्षेत्रमा भईरहेका पुराना कला संस्कति स्थानिय बासिन्दा तथा सरोकारवाला निकायहरुको सहभागिताका बिषयमा सामाग्री प्रसारण गर्ने ।

३ नगर क्षेत्रको शिक्षा, स्वास्थ्य, कृषि पेशा मुखी देउडा लगायत कला बाट आत्म निर्भर बनाउनका लागी सचेतना प्रदान गर्नुका साथै सोही मार्फत अन्य जिल्ला बासीहरुमा जानकारी गराउने ।

४ कलाको माध्यम बाट नगर क्षेत्रका पर्यटकिय क्षेत्रहरुका बारेमा जानकारी, तिनको प्रचार प्रसारका लागी तथा संरक्षण र सम्बर्द्धनका लागी स्थानिय बासिन्दा सम्बन्धित सरोकारवाला निकायहरुले गर्न सक्ने सहयोग तथा प्रयासका बिषयमा जानकारी गराउने ।

६. नीति

१ नगर आईडलका कारण पुरानो सस्कृति संरक्षणमा टेवा पुग्ने छ भने पुस्ता हस्तान्तणका साथै  नागरिक सचेत भएका हुनेछन् । सचेतीकरण पछि सामुदायिक स्तरमा पुराना संरक्षणमा जोड दिने भएका हुनेछन् ।

२ नागरिकहरु पुराना कला सस्कृतिका बारेमा जानकारी भइसकेका हुनेछन् । सामुदायिक विकासका लागि कला ,सस्कृतिका माध्यमबाट सुशासन कायम गर्न नागरिक नै अग्रसर भएका हुनेछन् ।

३ देउडा लगायत ,लोक गितका बारेमा  बारेमा जानकारी पाउने छन ।

४ पुरानो परम्मपरागत कला सस्कृति लोप हुने छैन ।नागरीकमा चेतनाको बिकास हुने छ ।

## परिच्छेद ३

**७. कार्यक्रम स्थापना :**

क)  नगर आईडल  कार्यक्रम प्रतिभा पहिचानका लागी नगर आईडल मुख्य रहने अन्य कार्यक्रम त्यसैका रुप रहने गरी कार्यक्रम सञ्चालन तथा आर्थिक व्यवस्थापन गर्नका लागि नगरसभाबाट अनुमोदन हुने गरि स्थानीय तहको बिकास र सुशाासनका बारेमा कार्यक्रम संचालन गरिने छ ।

ख) अन्य जो कुनै व्यक्ति तथा संघसंस्थाहरुले समन्वय सहयोग उपलव्ध गराउने चाहेमा (आर्थिक, भौतिक, मानवीय आदि) लाई एकिकृत गरि  कार्यक्रम सञ्चालन गरिने छ ।

**८. नगर आईडल कार्यक्रम  संचालन तथा आर्थिक सहयोग कार्यक्रमको खर्च प्रक्रिया**

१ यस कार्यक्रममा  छुटयाईएको  रकम नेपाल सरकार तथा नगरपालीकाको आर्थिक नीति, नियमावली को अधिनमा रहि खर्च गरिने छ ।

**९. कार्यक्रमको संचालन सम्बन्धि व्यवस्था**

१ प्रतिभा पहिचनमा लागी नगर आईडल  मुख्य रहने छ ।

२ शिक्षा , स्वास्थ्य र कृषि ,कला सास्कृतिको संरक्षण गर्ने उदेश्यका साथ प्रतिभावान व्यत्तिको खोजि लगायत समाबेस गरि कार्यक्रम सञ्चालन गरिने छ ।

३. कार्यक्रम जिल्ला भरी आवश्यकता र मुख्य छायाँनाथ रारा नगरपालिकाका १४ वडा भित्रका सर्म्पूण बस्तिहरुलाई यस कार्यविधिले कार्यक्षेत्रको रुपमा तोकेका छ । र त्यस भित्रका सबै गाउँ पर्ने छन ।

४.अन्य आवश्यक कायक्रम सञ्चालन गर्नका लागि सम्बन्धित सरोकारवाला पक्षहरुसंगको छलफलद्धारा निर्णय गरिनेछ ।

५. नगर आईडल अन्तरगत कला सस्कृति ,शिक्षा ,स्वास्थ्य , खानेपानी , कला क्षेत्रको संरक्षण लगाययत पर्यटन प्रर्वधन आदि) लाई प्राथमिकता दिने ।

## परिच्छेद ४

### १० . कार्यक्रमहरुको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१ कार्यक्रमहरुको वित्तिय व्यवस्थापन :-**

**क** नगर कार्यपालिकाको निर्णय बमोजिम कार्यक्रम सञ्चालनको लागी वित्तिय व्याबस्थापन गरी कार्यक्रम सञ्चालन गरिने छ ।

**ख** कार्यक्रम सञ्चालन वास्ताविकता हेरी कार्यक्रमको रुप रेखा अनुसार नगरकार्यपालिको निर्णय बमोजिम हुनेछ ।

**२. प्रशासनिक व्यवस्थापनः**

**क** कार्यक्रमको प्रशासनिक व्यवस्थापन मूल समिति गर्नेछ ।

**ख** कार्यक्रमको लागि आवश्यक पर्ने जनशक्तिको व्यबस्थापन तथा परिचालन मूल समितिको निर्णय बमोजिम हुनेछ ।

**ग** कार्यक्रमको अनुगमन तथा मूल्यांकन र प्रतिवेदनको लागि मूल समितिले आवश्यक समिति गठन गर्ने छ । साथै सम्बन्धित वडाका जनप्रतिनिधिहरुले समेत आवश्यक सहयोग गर्नु पर्नेछ ।

**३. बजेट तर्जुमा :**

**क** प्रतिभा पहिचानका लागी नगर आईडल कायर्यक्रमाको रुप रेखा तथा, खर्चको कार्यक्षेत्र, खर्चको सिमा र परिमाण नेपाल सरकारले तोकेको मार्गदर्शन र मूल समितिले तयार गरेको आवश्यक कार्यविधि बमोजिम हुनेछ ।

## परिच्छेद ५

११. प्रतिभा पहिचान का लागी नगर आईडल लाई प्रभावकारी कार्यान्वयनका लागि तपशिल बमोजिम अनुगमन तथा मूल्यांकन पद्धति अवलम्बन गरिनेछ ।

**क** कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिका प्रमुखको संयोजकत्वमा सर्वपक्षीय अनुगमन समिति गठन गर्न सकिने छ ।

**ख** उपदफा (१) बमोजिम खटिएको अनुगमन टोलीले आफूलाई प्राप्त कार्यादेशका आधारमा अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ ।

**ग** उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कार्यक्रमका कमि कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

### १२ समितिको गठन

**१ नगरपालिका स्तरीय कार्यक्रम सञ्चालन मूल समिति गठन :**

नगर आईडल संचालन तथा आर्थिक ब्याबस्थापन कार्यान्वयन गर्नको लागि नगरपालिका प्रमुखको संयोजकत्वमा ५ सदस्यीय कार्यक्रम सञ्चालन समिति गठन गरिने छ जसमा निम्न बमोजिमका पदाधिकारीहरु रहनेछन:

क) नगरपालिका प्रमुख-संयोजक

ख) नगरपालिका उप प्रमुख-सदस्य

ग) वडा अध्यक्ष -सदस्य

्घ) नगरकार्यपालिका सदस्यहरु -सदस्य

□) नगरपालिका कार्यकारी अधिकृत-सदस्य सचिव